# भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल


पत्र सं.: २०८१/०८२
चलानी नं.

**धानको उन्नत बीउ माग गर्ने सम्बन्धि सूचना।**
(प्रथम पटक प्रकाशित मिति:२०८२/०१/०४)

प्रस्तुत विषयमा यस भुम्लु गाउँपालिका कृषि विकास शाखाको चालु आ.व.२०८१/८२ को वार्षिक स्विकृत कार्यक्रम " **खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान कार्यक्रम** "अन्तर्गत ५० प्रतिशत अनुदानमा धानको उन्नत जातको बीउ वितरणका लागि माग संकलन गर्नु पर्ने भएकोले यस भुम्लु गाउँपालिका भित्रका बीउ माग गर्न ईच्छुक कृषक/कृषि समुह/कृषि सहकारी तथा कृषि फर्महरु सबैले यो सूचना प्रकाशन भएको मितिले १० दिन (२०८२/०१/१३ गते) भित्र तपसिलका कागजातहरु सहित भुम्लु गाउँपालिका कृषि विकास शाखा तथा आ-आफ्नो वडा कार्यलयमा निवेदन पेश गर्नहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

| क्र.स. | कार्यक्रम | धानको जातहरु | मूल्य अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदान (धानको उन्नत बीउ वितरण) | खुमल-६, खुमल-११ | ५० प्रतिशत | रू ५२ प्रति के.जी. (ढुवानी सहित) |
| | | हर्दिनाथ-६ | ५० प्रतिशत | रू ३७ प्रति के.जी. (ढुवानी सहित) |

आवस्यक कागजातहरु

१. बीउको आवस्यक परिमाण र जात खुल्ने गरी निवेदन
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. कृषक समूह/सहकारीको हकमा संस्था दर्ता ,प्यान, संस्था नविकरण र कार्यसमितिको निर्णयको प्रतिलिपि
४. फर्मको हकमा दर्ता/करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि
५. धानबाली लगाउने क्षेत्रफल/स्वामित्व खुल्ने जग्गाधनी प्रमाणपुर्जा तथा जग्गा भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि ।

थप जानकारीको लागि:
भुम्लु गाउँपालिका कृषि विकास शाखा, ९८६२६२१६२८,९८४७९३५९१८

२०८२/०१/०४

कृष्ण बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत